मिति :- २०७७/०२/०८

श्रीमान मुख्यसचिव ज्यू,

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,

सिंहदरवार, काठमाण्डौं ।

विषय :- निर्देशन कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा जलवायू परिवर्तन लगायत प्रकोप जोखिम न्यूनिकरणमा प्रतिबद्धरहि दिगो विकास लक्ष्य कार्यान्वयनमा केन्द्रित हुन सरकारलाई सुझाव एवं निर्देशन दिने निर्णय भए बमोजिम देहाएका बिषयहरु विकासमा मूलप्रवाहिकरण गर्न आवश्यक कार्यगत, समन्वयात्मक एवं निर्देशनात्मक र पैरवीको कार्य प्रयोजनार्थ निर्देशानुसार पत्र प्रेषित गरिएको व्यहोरा सादर अनुरोध गर्दछु ।

- ➢ जलवायू परिवर्तनको विषयलाई विकासमा मूलप्रवाहिकरण गर्न तिनै तहको सरकार बीच कार्यगत एकताको विकास गर्ने,
- ➢ हरित विकास र स्वच्छ उर्जा प्रवर्धन एवं हरित अर्थतन्त्रको लागि आवश्यक व्यवस्थापनको कार्य गर्ने,
- ➢ जलवायूको दृष्टिकोणले व्यवस्थित बसोवास र उचित कृषि प्रणालीको प्रवर्धन गर्ने,
- ➢ यातायात, उद्योग, वाणिज्य,कृषि, वन र उर्जाबाट हुने हरित ग्यास उत्सर्जनको अनुगमन जस्ता विषयलाई सारप्रभावी बनाउन नतिजामुलक कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने,
- ➢ जलवायू परिवर्तनको कारणबाट बृद्धि भएको विश्वव्यापी तापमानलाई न्यूनिकरण गर्न कुलिङ्ग सेन्टरको रुपमा रहेको हिमालको संरक्षणमा समेत ध्यान दिन आवश्यक कार्यक्रम तर्जुमा गर्ने,
- ➢ जलवायू परिवर्तनको कारण कृषि तथा खाद्यान्न, जलस्रोत, वनजंगल,जैविक विविधता, मानव स्वास्थ्य, पर्यटन, उर्जा, सिंचाई, वसोवास, पूर्वाधारमा पर्ने प्रतिकूल प्रभावको न्यूनिकरण गर्न कार्यक्रम तथा बजेट व्यवस्थापन गर्ने,
- ➢ नेपालको कमजोर भौगर्भिक तथा भू-धरातलीय बनौट, मौसमी विषमता, आगजन, बाढी, पहिरो, डुवान एवं अव्यवस्थित पुर्वाधार र विकास जस्ता बहुप्रकोपका घट्नाको जोखिमका

साथै संवेदनशीलताका कारण तिनै तहको शासनमा मूलप्रवाहिकरण गर्न नीतिगत, संस्थागत र कार्यगत संयन्त्रको विकास गर्ने,

- तिनै तहका शासकीय संयन्त्रमा विपद जोखिम पुर्वानुमान,पुर्वतयारी, प्रतिकार्य र पुर्नलाभ सम्बन्धी क्षमता विकास  गर्न आवश्यक समन्वय गर्ने,
- विपद जोखिम न्यूनिकरणमैत्री कार्यपद्धति, कार्यक्रम र बजेटको सुनिश्चितीकरण गर्ने,
- विपदबाट हुने तथा हुनसक्ने मानवीय, भौतिक, आर्थिक, सामाजिक, तथा सांस्कृतिक र वातावरणीय क्षती कम गर्न आवश्यकता, प्राथमिकता र संवेदनशीलताको आधारमा कार्यक्रम संयन्त्र, स्रोत र क्षमता व्यवस्थापन गर्ने,
- दिगो विकास लक्ष्यहरुको गुणात्मक कार्यान्वयनमा सर्वपक्षीय समन्वय र आवश्यक स्रोतको प्रबन्ध मिलाउने ।

निर्मलादेवी लामिछाने (वस्ती)

समिति सचिव